मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

Purwanchal National Daily

◆ वर्ष : २९ ◆ अङ्क : १७८ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८१ जेठ २ गते बुधवार (Wedensday, 15 May . 2024) नेपाल सम्वत् ११४४ Web : www.purwanchaldaily .com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

**संक्रामक रोगबाट बचौं र बचाऔं**

गर्मी मौसममा मलेरिया, कालाजार, डेगु, हैजा लगायतका विभिन्न संक्रामक रोगहरु फैलिन सक्दछन् ।
त्यसैले,
- संक्रामक रोग फैलाउने झिंगा, लामखुट्टे, भुसुना आदिको नियन्त्रण गरौं,
- संक्रामक रोगबाट बच्न शुद्ध र उमालेको पानी पिऔं,
- बासी तथा सडेगलेका खानेकुरा नखाऔं,
- घरभित्र र वरपरको सरसफाईमा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## राष्ट्रपतिद्वारा सरकारको नीति तथा कार्यक्रम प्रस्तुत



**काठमाडौं, जेठ १।** सरकारले बैंक, वित्तीय संस्था, लघुवित्त तथा सहकारीका क्षेत्रमा देखिएका समस्या समाधानका आवश्यक पहल गर्ने बताएको छ ।

राष्ट्रपति रामचन्द्र पौडेलले मंगलवार सङ्घीय संसदका दुवै सदनको संयुक्त बैठकमा पेश गरेको सरकारको आगामी आर्थिक वर्ष २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रममा बैंक, वित्तीय संस्था, लघुवित्त तथा सहकारीका क्षेत्रमा देखिएका समस्या समाधानका आवश्यक पहल गर्ने उल्लेख छ ।

बैंक तथा वित्तीय संस्थाका समस्या समाधानका लागि कानूनी तथा नीतिगत प्रबन्ध र केही नयाँ व्यवस्थासमेत कार्यन्वयन गर्ने नीति सरकारले लिन लागेको हो । नियमन र सुपरीवेक्षणलाई सुदृढ गर्दै वित्तीय क्षेत्रलाई स्वस्थ, प्रतिस्पर्धी र भरपर्दो बनाइनेछ । बैङ्क तथा वित्तीय संस्था, लघुवित्त, सहकारी, बीमा र पूँजीबजारमा देखिएका समस्या समाधान गर्न विभिन्न समयमा भएका अध्ययनबाट प्राप्त सुझावहरू क्रमशः कार्यान्वयन गरिनेछ । लघुवित्तका ऋणीहरूको कर्जा पुनर्तालिकीकरण तथा पुनःसंरचना गरिनेछ- सरकारको नीति तथा कार्यक्रममा भनिएको छ- सहकारी संस्थाहरू स्थापनाको उद्देश्यअनुरूप सञ्चालन हुनुपर्ने व्यवस्था गरिनेछ । सहकारी नीतिलाई समयानुकूल बनाइनेछ ।

सहकारी संस्थाको सघन सुपरीवेक्षण र नियमनका लागि विशिष्टीकृत नियामक निकाय स्थापना गरिने नीति तथा कार्यक्रममा उल्लेख छ । त्यसैगरी सहकारी बचत तथा कर्जा सुरक्षण कोष, सहकारी कर्जा सूचना केन्द्र र सहकारी कर्जा असूली न्यायाधीकरणमार्फत सहकारी क्षेत्रको बचत तथा लगानीको सुरक्षा गरिने जनाइएको छ ।

सहकारी संस्थाहरू अनिवार्य रूपमा सहकारी तथा गरिबीसम्बन्धी व्यवस्थापन सूचना प्रणालीमा आबद्ध हुनुपर्ने व्यवस्था गरिनेछ । सरकारको शेयर स्वामित्व भएका साझा सहकारी संस्थालाई एकीकरण गर्ने व्यवस्था मिलाइनेछ । बचत तथा ऋण सहकारीलाई एक आपसमा गाभिन प्रोत्साहन गरिनेछ - सरकारको वार्षिक नीति तथा कार्यक्रममा भनिएको छ ।

मुलुकभित्र व्यावसायिक वातावरण निर्माण गरी उद्योगी व्यवसायीको मनोबल बढाइने नीति पनि सरकारले लिएको छ । छरिएर रहेका साना पुँजी एकत्रित गरी ठूला परियोजना कार्यान्वयन गर्न एवम् बन्द भएका उद्योग कलकारखाना सञ्चालन र व्यवस्थापन गर्न निजी लगानी कम्पनीलाई प्रोत्साहन गरिने नीति तथा कार्यक्रममा उल्लेख छ ।

निजी क्षेत्र प्रतिस्पर्धी भएका र गोरखकाली रबर उद्योग, बुटवल धागो कारखाना, हेटौंडा कपडा उद्योगलगायतका बन्द तथा रुग्ण अवस्थामा रहेका सार्वजनिक संस्थान सम्भाव्यताको आधारमा सार्वजनिक-निजी साझेदारी वा अन्य उपयुक्त विधिबाट व्यवस्थापन र सञ्चालन गरिनेछ- राष्ट्रपति पौडेलले नीति तथा कार्यक्रम सार्वजनिक गर्दै भने । राजश्व बाँडफाँटलाई समन्यायिक, सन्तुलित र अनुमानयोग्य बनाइने विषय पनि नीति तथा कार्यक्रममा राखिएको छ । त्यसैगरी, खर्चको आवश्यकता र राजश्व क्षमताको आधारमा वित्तीय हस्तान्तरण गरिने जनाइएको छ ।

वस्तुगत मापदण्डका आधारमा सशर्त अनुदान हस्तान्तरण गरिने छ । तीन तहका सरकारबीच प्राकृतिक स्रोतको परिचालन एवम् बाँडफाँट, लगानी तथा प्रतिफलको हिस्सा निर्धारण तथा विवाद निरूपणका लागि एकीकृत कानून तर्जुमा गरिनेछ । तीनै तहका विद्युतीय प्रणालीहरूबीच अन्तर-आबद्धता कायम गर्दै सार्वजनिक वित्त व्यवस्थापनलाई सुदृढ तुल्याइने सरकारको कार्यक्रम छ ।

आन्तरिक तथा बाह्य लगानीको वातावरण सुधार र क्षेत्र बिस्तार गर्न थप कानूनी तथा संरचनागत व्यवस्था गरिने जनाइएको छ । निजी पुँजी आकर्षित गर्न थप कानूनी प्रबन्धसहित विकास वित्तका नवीनतम् उपकरण परिचालन गरिने नीति सरकारले लिएको छ ।

विश्वव्यापी रूपमा प्रचलनमा रहेका ऋण तथा अन्य मिश्रित स्वरूपका विदेशी लगानी भित्र्याउन सहजीकरण गर्ने, आगामी आर्थिक वर्ष नेपालको कन्ट्री रेटिङ सम्पन्न गर्ने, स्वचालित डिजिटल प्रणाली कार्यान्वयनमा ल्याई स्वदेशी तथा विदेशी लगानी स्वीकृति प्रक्रियालाई सरल, सहज र अनुमानयोग्य बनाइने नीति तथा कार्यक्रममा उल्लेख छ ।

**आगामी दशक सूचना प्रविधि दशक**

सरकारले सूचना प्रविधिलाई डिजिटल रूपान्तरणको आधारका रूपमा लिई सामाजिक-आर्थिक रूपान्तरण एवम् समृद्धि हासिल गर्न आगामी दशकलाई 'सूचना प्रविधि दशक'को रूपमा अगाडि बढाउने भएको छ ।

राष्ट्रपति पौडेलले आगामी आर्थिक वर्षको सरकारको नीति तथा कार्यक्रम सङ्घीय संसद्का संयुक्त बैठकमा प्रस्तुत गर्दै सूचना प्रविधि उद्योगलाई रोजगारी र सेवा निर्यातको प्रमुख क्षेत्रको रूपमा विकास गर्न प्रोत्साहन गरी नेपाललाई ग्लोबल सूचना प्रविधि हबका रूपमा विकास गरिने उल्लेख गरे ।

*(बाँकी अन्तिम पृष्ठमा)*

### प्राथमिकता

- **पूर्वसूचना प्रणाली भरपर्दो बनाउने**
- **सीमा समस्या समाधानका लागि कूटनीतिक पहल गरिने**
- **एक हजार युवालाई फेलोसिप उपलब्ध गराउने**
- **कृषिमा लगानी घोषणा दशक**
- **खेलकुद क्षेत्रमा महिला सहभागिता बढाउने**
- **ठूला अस्पतालमा दुई सिफ्टमा बहिरंग सेवा सञ्चालन गरिने ।**

## हस्तान्तरणको प्रक्रियामा 'भ्यू टावर'



**झापा, जेठ १।** राष्ट्रिय गौरबको आयोजनाको रुपमा हेरिएको झापाको दमकमा निर्माण गरिएको 'भ्यू टावर' हस्तान्तरणको प्रक्रियामा रहेको छ ।

झण्डै डेढ अर्ब रुपैयाँको लगानीमा निर्माण गरिएको भ्यू टावरको हस्तान्तरणको प्रकृया थालिएको सघन शहरी तथा भवन निर्माण आयोजना झापाका प्रमुख सुदीप पौडेलले जानकारी दिए ।

भ्यू टावर निर्माण सम्पन्न भएसँगै सरसफाईको काम भइरहेको बताइएको छ । व्यापरिक केन्द्र सहितको भ्यू टावरले पूर्वी नेपालको विकासमा टेवा पुग्ने अपेक्षा गरिएको छ । संघीय सरकारको बजेटमा निर्माण भएको टावर नेपालकै नमूना र फरक डिजाइनमा तयार भएको छ । नयाँ प्रविधिमा निर्माण गरिएको १८ तले भ्यू टावर १ सय मिटर अग्लो रहेको छ ।

दमक नगरपालिका-३ स्थित दापगाछीमा २०७६ साल असार २७ गते बाट निर्माण शुरु गरिएको भ्यू टावरको ३० महिनाभित्र निर्माण कार्य सम्पन्न गर्ने सम्झौता भएको थियो । चिनियाँ कम्पनी सिजिआइइसी र आशिष ओम साइराम जेभीले साझेदारीमा निर्माणको ठेक्का लिएका थिए । कोभिड-१९ को महामारीको दुई लहर, कन्स्ट्रक्सन होलिडे र बजेट अभावका कारण यसको निर्माण कार्य अवधि थपिएको थियो ।

दमक बजारबाट झण्डै तीन किलोमिटर पश्चिम उत्तरमा निर्माण गरिएको भ्यू टावर राष्ट्रिय गौरबको आयोजनाको रुपमा हेरिएको छ भने लगानीको दृष्टिकोणले नेपालको दोस्रो ठूलो टावर हो ।

भ्यू टावर निर्माणका क्रममा कतिपय अवस्थामा भारतबाट विशेषज्ञ झिकाएर उच्च स्तरीय प्रविधिमा टावर निर्माण गरिएको निर्माण कम्पनी ओम साइराम कन्ट्रक्सनका प्रबन्ध निर्देशक इञ्जिनियर विजय शाहले बताए । भ्यू टावर निर्माणमा रु. एक अर्ब ३८ करोड १८ लाख चार हजार पाँच सय ६९ रुपैयाँ लाग्ने शुरुको सम्झौता भए पनि पछि नौ प्रतिशत लगानी बढेर कूल लागत भ्याटबाहेक रु. एक अर्ब ५० करोड ६३ लाख ८५ हजार नौ सय ६४ रुपैयाँ रहेको र सम्पूर्ण लागत नेपाल सरकारले व्यहोरेको बताइएको छ ।

भ्यू टावरको नेस्ट, पिकासो र नेपाल आर्किटेक्चर कम्पनीले नक्साङ्कन गरेको थियो । भ्यू टावरको भवन निर्माणसँगै परिसरको टिकट काउन्टर, कोशेली घर, चिल्ड्रेन पार्क, सार्वजनिक शौचालय र खुला ठाउँ थिएटरको निर्माण सम्पन्न भइसकेको छ । टावरको हरेक तला चार मिटर उचाइको रहेको छ । भवनका सबै तलामा पिउने पानी पुऱ्याउने प्रशोधन प्लान्ट जडान गरिएको छ भने शौचालयमा प्रयोग भइसकेको पानीलाई प्रशोधन गरेर

*(बाँकी अन्तिम पृष्ठमा)*

### बिर्तामोड नगरपालिकामा टोलटोलमै न्याय सम्पादन

## छलफलबाटै टुङ्ग्याइन्छ अधिकांश उजुरी

**झापा, जेठ १।** बिर्तामोड नगरपालिकाको न्यायिक समितिले टोलटोलमै पुगेर न्याय सम्पादन गर्दै आएको छ ।

सबैका लागि न्याय सुनिश्चित गर्दै न्यायिक समिति प्रतिको जनआस्था र विश्वास कायम गराउन बिर्तामोड नगरपालिकाले टोलटोलमै पुगेर न्याय सम्पादन गर्दै आएको हो । वडाको मेलमिलाप केन्द्रदेखि नै सरल र गुणस्तरीय सेवा प्रदान गरी न्यायमा सबैको पहुँच स्थापित गराउन मेलमिलाप केन्द्रका पदाधिकारीलाई पर्याप्त तालिम दिएर परेका उजुरी माथि छलफल हुने गरेको छ ।

वडामा पर्ने उजुरीहरु मेलमिलाप गराउन बिर्तामोड नगरपालिकाका १० वटै वडामा मेलमिलाप केन्द्र गठन गरी वडामा परेका उजुरी माथि न्यायिक कारवाही हुने गरेको बिर्तामोड नगरपालिकाका उपाध्यक्ष तथा न्यायिक समिति संयोजक नगेन्द्रप्रसाद संग्रौलाले जानकारी दिए ।

न्यायिक समितिमा पर्न आउने विवादको कारवाही प्रक्रियामा सूचना प्रविधिको प्रयोग गरी फैसला लेखन, मिलापत्र लेखन लगायतका मुद्दाको प्रक्रियागत कामलाई छिटो छरितो र चुस्तदुरुस्त राख्ने गरिएको न्यायिक समिति संयोजक संग्रौलाको भनाइ छ । प्रभावकारी रुपमा न्यायिक सम्पादन गर्दै आएको बिर्तामोड नगरपालिकाको न्यायिक समितिले मानव अधिकारको संरक्षण गरी समाजमा हुने हिंसाजन्य घटना र अन्य विवादहरुको न्यूनीकरण समेत छलफल बाटै टुङ्ग्याउने गरेको छ । जसका लागि हरेक टोलटोलमा कानूनी सचेतना कार्यक्रम सञ्चालन समेत गर्दै आएको संग्रौलाको भनाइ छ ।

बिर्तामोड नगरपालिकाको न्यायिक समितिले वडामै मेलमिलापको लागि पहिलो चरणमा उजुरी लैजानुपर्ने व्यवस्था गरेको छ । वडामा मेलमिलाप नभएका मुद्दा मात्रै नगरपालिका आउने गरी परिबन्द मिलाइएको छ । कतिपय मुद्दाको प्रकृति अनुसार सिधै नगरको न्यायिक समितिमा आउन पनि बाटो खुल्ला गरिएको बताइएको छ ।

बिर्तामोड नगरपालिकाले टोलटोलमै पुगेर न्याय सम्पादन थालेसँगै नगरमा उजुरी कम परेको बताइन्छ । बिर्तामोड नगरपालिकाको न्यायिक समितिमा अघिल्लो आर्थिक वर्ष २०७९/०८० मा एक सय ७ वटा उजुरी परेका थिए भने १५ वटा उजुरी जिम्मेवारी सरी आएका थिए । दायित्व सरी आएका र नयाँ मुद्दाका उजुरी गरी आर्थिक वर्ष २०७९/०८० मा न्यायिक समितिमा भएका उजुरीको संख्या १ सय २२ थियो । तर, यो आर्थिक वर्षको हालसम्म ७४ वटा मात्र मुद्दा संख्या रहेको बताइएको छ । जसमा जिम्मेवारी सरेर आएका ३३ वटा मुद्दा थप गर्दा न्यायिक समितिमा भएका मुद्दाको संख्या एक सय ७ हुन आउँछ । यो आर्थिक वर्ष हालसम्म ३५ वटा मुद्दा फछ्र्यौट भएको नगरपालिकाकी उजुरी प्रशासक टीकामाया लामिछानेले बताइन् ।

**ज्येष्ठ नागरिकहरुको पालनपोषण सम्बन्धी उजुरी**

न्यायिक समितिमा ज्येष्ठ नागरिकहरुको पालनपोषण सम्बन्धी उजुरीहरु पर्न थालेको पाइएको छ । यस अघि जग्गा - सीमा विवाद, लेनदेन, घर बहाल जस्ता उजुरी न्यायिक समितिमा पर्ने गरेपनि पछिल्लो समय ज्येष्ठ नागरिकका उजुरी पर्न थालेको उजुरी प्रशासक लामिछानेले बताइन् । ज्येष्ठ नागरिकलाई परिवारले हेला गर्ने, पैतृक सम्पत्तिमा हक जमाउने, अंश वापत घरमूलीले ज्यूनी राखेको जमिनको भोगचलन गर्ने जस्ता समस्या लिएर ज्येष्ठ नागरिकहरु न्यायिक समितिमा आउने गरेको लामिछानेको भनाइ छ ।

**घर वहाल सम्बन्धि उजुरी बद्दै**

बिर्तामोड नगरपालिकामा घर बहाल सम्बन्धी समस्या बढेर गएको छ । बिर्तामोड नगरपालिकाको न्यायिक समितिमा आएका उजुरीहरुको आधारमा विगतका वर्षभन्दा यो वर्ष घर बहाल समस्या बढेर गएको देखिएको छ ।

न्यायिक समितिका अनुसार केही वर्षअघिसम्म घर बहाल सम्बन्धी समस्या न्यायिक समितिसम्म पुग्दैन थियो । अहिले घरधनी र बहालवाला बीचको समस्या उजुरीको रुपमा दर्ता हुन थालेको छ । घरधनीले थाहै नपाई बहाल लिनेले विक्री गरेका उजुरी धेरै पर्ने गरेको बताइन्छ । सम्झौता नगर्ने, विभिन्न बहानामा भाडा नदिने, घर खाली गर्न नमान्ने र घरधनीलाई थाहै नदिई भाडा लगाउने, विक्री गर्ने जस्ता समस्याहरु न्यायिक समितिमा आएको लामिछानेको भनाइ छ ।

घर बहाल सम्बन्धी उजुरी होटल, सहकारी, व्यवसायीहरुको विरुद्धमा परेका छन् । सहकारी बन्द गरेर भाडा नतिरी छाडेको उजुरी समेत न्यायिक समितिमा पर्न थालेको बताइएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को ४७ (१) बमोजिम त्यस प्रकारका उजुरी दर्ता भएको लामिछानेले बताइन् । घर बहाल सम्बन्धी मुद्दा आउँदा बहाल कर संकलनमा समेत सहयोग पुगिरहेको उनको भनाइ छ ।

## प्रहरीद्वारा मोरङमा गोली प्रहार गरी लागूऔषध कारोबारी पक्राउ

**मोरङ, जेठ १।** लागूऔषध नियन्त्रणका लागि प्रहरी आक्रमक बनेको छ । भारतका विभिन्न स्थानबाट नेपाल आएर लागूऔषध कारोबारमा संलग्नहरुलाई प्रहरीले गोली प्रहार गर्दै नियन्त्रणमा लिन शुरु गरेको छ ।

यसैक्रममा मोरङमा प्रहरीले गोली हानेर एक जना लागूऔषध कारोबारीलाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा भारतको बिहार, किसनगञ्ज-८ बस्ने भारतीय नागरिक भागिरथ हरिजन रहेका छन् । जिल्ला प्रहरी कार्यालय मोरङका प्रहरी नायब उपरीक्षक ज्ञानेन्द्र बस्नेतका अनुसार मोरङ रतुवामाई नगरपालिका - ६ स्थित कादुपाढामा मंगलबार अपरान्ह प्रहरीले गोली हानेर लागूऔषध कारोबारीलाई पक्राउ गरेको हो ।

भारतीय नम्बर प्लेटको सुपर स्प्लेन्डरमा लागूऔषध लिएर नेपाल प्रवेश गरेको सूचनाको आधारमा प्रहरीले रोक्ने क्रममा पेलेर अगाडि बढ्न खोजेपछि प्रहरीले गोली चलाएको थियो ।

प्रहरीको गोली उनको तिघ्रामा लागेको छ । हाल उनको उर्लाबारीस्थित स्थानीय एक अस्पतालमा उपचार भइरहेको छ ।उनको साथबाट प्रहरीले १ सय ५८ ग्राम ब्राउन सुगर बरामद गरेको जनाइएको छ ।

केही दिन अघि मात्रै झापामा समेत प्रहरीले लागू औषधको कारोबारमा संलग्न एक जनालाई गोली प्रहार गरेर नियन्त्रणमा लिएको थियो ।

## झापामा सम्बन्धविच्छेदका मुद्दा बढे

**भद्रपुर, जेठ १।** गत वर्षको तुलनामा झापामा सम्बन्धविच्छेदका मुद्दामा वृद्धि भएको पाइएको छ ।

झापा जिल्ला अदालतका अनुसार चालू आर्थिक वर्षको १० महिनामा सम्बन्धविच्छेदका नौ सय ५४ मुद्दा दर्ता भएका छन् ।

चालू आवमा हालसम्म दर्ता भएका तीन हजार पाँच सय ५६ मध्ये २६ प्रतिशत सम्बन्धविच्छेदका मुद्दा रहेको झापा जिल्ला अदालतका श्रेस्तेदार किरणकुमार सिंहले जानकारी दिए । लागूऔषध, अंश, जबर्जस्ती करणी

*(बाँकी अन्तिम पृष्ठमा)*

# अवैध लागूऔषध ब्राउनसुगरसहित पाँच जना पक्राउ

**बिर्तामोड, जेठ १।** झापा र मोरङ जिल्लाको छुट्टाछुट्टै स्थानबाट लागूऔषध ब्राउनसुगर र नियन्त्रित औषधिसहित ४ जनालाई प्रहरीले पक्राउ गरेको छ। झापाको मेचीनगर नगरपालिका-६ मा लागूऔषध नियन्त्रण ब्युरो काँकरभिट्टा र इलाका प्रहरी कार्यालय काँकरभिट्टाबाट खटिएको प्रहरी टोलीले भारतबाट नेपालतर्फ आउँदै गरेको प्रदेश नं.१-०१-००२ ह ७९७ नम्बरको अटो टेम्पोलाई रोकी चेकजाँच गरेको थियो। त्यसक्रममा टेम्पो चालक ताप्लेजुङ मैवाखोला गाउँपालिका-४ घर भई हाल माई नगरपालिका-४ इलाम बस्दै आएका ३१ वर्षीय उमेश शेर्पाको साथबाट ३ ग्राम ५७० मिलिग्राम ब्राउनसुगर बरामद भएको हो।

त्यस्तै भद्रपुर नगरपालिका-४ स्थित वडा प्रहरी कार्यालय भद्रपुर झापाबाट खटिएको प्रहरी टोलीले ३ सय १० मिलिग्राम ब्राउनसुगर सहित भद्रपुर-३ का २३ बर्षीय उज्ज्वल मगरलाई पक्राउ गरेको छ। त्यसैगरी मोरङको बिराटनगर-१६ स्थितमा लागुऔषध नियन्त्रण ब्युरो बिराटनगरबाट खटिएको प्रहरी टोलीले को.३१ प ३२५५ नम्बरको मोटरसाईकललाई रोकी चेकजाँच गर्दा मोटरसाईकल चालक इटहरी-१८ का २९ बर्षीय जेस राईको साथबाट ५२ मिलिग्राम ब्राउनसुगर बरामद गरेको थियो।



यता झापा कमल गाउँपालिका-६ का २३ बर्षीय कृष्ण साहलाई नियन्त्रित औषधि २१६ एम्पुलसहित मोरङको बूढीगंगा गाउँपालिका-२ बाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको हो।

उता बिराटनगर महानगरपालिका-१३ सैनिक टोलबाट नियन्त्रित लागूऔषध लुपिजेसीक १३ एम्पुल, डाईजेपाम १३ एम्पुल र फेनारगन १३ एम्पुलसहित २ जनालाई मंगलबार बिहान प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेहरूमा झापा दमक नगरपालिका-१ बस्ने २६ वर्षीय दीपक श्रेष्ठ र मोरङ बेलबारी नगरपालिका-६ बस्ने २१ वर्षीय भवेश मगर रहेका छन्। उक्त स्थानमा खटिएको प्रहरीले भारतबाट नेपालतर्फ पैदल आउँदै गरेका उनीहरूलाई उक्त लागूऔषधसहित पक्राउ गरेको हो।

## राष्ट्रपति...

काठमाडौं उपत्यका र प्रत्येक प्रदेशका उपयुक्त स्थानमा सूचना प्रविधि 'वर्कस्टेसन' सञ्चालन गरी कम्तीमा पाँच हजार रोजगारी सिर्जना गरिने नीति तथा कार्यक्रममा उल्लेख छ। सञ्चार तथा सूचना प्रविधि एवम् प्रणालीको सुरक्षित र प्रभावकारी प्रयोगका लागि कानूनी र संस्थागत व्यवस्था गरिने तथा डिजिटल नेपाल 'फ्रेमवर्क'लाई परिमार्जन गर्ने सरकारको योजना छ।

राष्ट्रपति पौडेलले सार्वजनिक सेवाको निर्वाध सञ्चालनका लागि सञ्चार तथा सूचना प्रविधिसँग सम्बन्धित संवेदनशील पूर्वाधारको व्यवसाय निरन्तरता योजना कार्यान्वयन गरिने तथा राष्ट्रिय कृत्रिम बौद्धिकता रणनीति तयार गरी यसको प्रयोगसम्बन्धी सम्भाव्यता अध्ययन गरिने उल्लेख गरे। विद्युतीय सुशासन र व्यक्तिगत डाटा सुरक्षासम्बन्धी कानून तर्जुमा, विद्युतीय सुशासन ब्लुप्रिन्ट तथा रणनीति तर्जुमा गरी व्यवसायको कार्यप्रक्रिया पुनःसंरचना गरिनेछ- उनले भने -विद्युतीय प्रणालीहरूबीच अन्तर-आबद्धता कायम गर्न इन्टरनेट तथा डाटा एक्सचेन्ज प्लेटफर्म निर्माण गरिनेछ। विभिन्न निकायबाट प्रदान गरिने सार्वजनिक सेवाहरू एकै स्थानबाट प्रदान गर्न स्थानीय तहसँगको सहकार्यमा नागरिक सेवा केन्द्र सञ्चालनमा ल्याइने सरकारको योजना छ।

ब्रोडब्याण्ड इन्टरनेट बिस्तार गरी ब्रोडब्याण्ड सेवालाई गुणस्तरीय, सर्वसुलभ र सुरक्षित बनाइने नीति तथा कार्यक्रममा उल्लेख छ। सबै स्थानीय तहका केन्द्र तथा वडा केन्द्रसम्म द्रुतगतिको इन्टरनेट सेवा उपलब्ध गराउन उच्च क्षमताको अप्टिकल फाइबर बिस्तार गर्ने कार्यलाई तीव्रता दिइने तथा दुर्गम र विकट क्षेत्रमा भू-उपग्रहमा आधारित इन्टरनेट सेवाको प्रारम्भ गरिने उल्लेख छ।

नेपालको आफ्नै भू-उपग्रह स्थापना गर्ने कार्य अघि बढाउने तथा डाटा सेन्टरको निर्माण र सञ्चालनसम्बन्धी मापदण्ड तयार गरिने नीति तथा कार्यक्रममा उल्लेख छ। सार्वजनिक निकायले प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको मापदण्ड निर्धारण गरी सुरक्षित र भरपर्दो बनाइने, सार्वजनिक निकायमा प्रयोग भइरहेका हार्डवेयर, सफ्टवेयर, नेटवर्क, साइबर सुरक्षालगायतका सूचना प्रविधि प्रणालीहरूको प्राविधिक परीक्षण गरिने नीति तथा कार्यक्रममा उल्लेख छ।

अत्याधुनिक, गुणस्तरीय र प्रतिस्पर्धी मुद्रणको व्यवस्था गरी अन्तःशुल्क स्टिकर, हुलाक टिकट, सवारी चालक अनुमतिपत्र, राहदानीजस्ता सुरक्षण मुद्रण स्वदेशमै हुने प्रबन्ध मिलाउने तथा हुलाक सेवालाई पुनःसंरचना गरी चुस्त, प्रभावकारी र सूचना प्रविधिमैत्री बनाउँदै विद्युतीय व्यापारसँग आबद्ध गर्ने सरकारको योजना छ। आमसञ्चार क्षेत्रको व्यावसायिक विकासका लागि नीतिगत, कानूनी र संरचनागत सुधार गरिनेछ। सामाजिक सञ्जालको प्रयोगलाई मर्यादित र व्यवस्थित तुल्याइनेछ। मिडिया साक्षरता अभियान सञ्चालन गरिने छ। मातृभाषामा आधारित ग्रामीण पत्रकारिता प्रवर्द्धन गरिने छ -उनले भने।

सबै प्रदेशमा सञ्चारग्राम निर्माण र सञ्चालन गर्ने नीति लिइनेछ। लुम्बिनी प्रदेशसँगको सहकार्यमा दाङमा कृष्णसेन सञ्चारग्राम स्थापनाको पूर्वतयारी कार्य शुरु गरिनेछ। टेलिभिजन तथा एफ.एम. र इन्टरनेट सेवाप्रदायकलाई एक आपसमा गाभिन, हक हस्तान्तरण गर्न तथा स्थानान्तरण हुन प्रोत्साहित गरिने नीति कार्यक्रममा उल्लेख छ।

## झापामा ...

लगायतका मुद्दा पनि बढिरहेका छन्। श्रेस्तेदार सिंहका अनुसार गत वर्षसहित पछिल्ला १० महिनामा दुई हजार सात सय ८५ वटा मुद्दाको फैसला भएको छ। तीन हजार पाँच सय ५७ मुद्दा विचाराधीन छन्। जिल्ला अदालतमा दरबन्दीअनुसार न्यायाधीश नहुँदा मुद्दाको चाप बढेको बताइएको छ। आठजना न्यायाधीशको दरबन्दी रहेकामा हाल जनामात्र सेवारत रहेको स्रोतले जनाएको छ।

## हस्तान्तरणको...

बगैंचामा प्रयोग गर्न सकिने बताइन्छ।

विस्तृत परियोजना प्रस्ताव (डीपीआर) अनुसार निर्माणाधीन भ्यू टावरको भुइँतलामा ४० वटा चारचक्के र दुई सय वटा दुईचक्के सवारीसाधन अट्ने क्षमताको पार्किङस्थल रहेको छ। चारवटा तलामा व्यापारिक प्रयोजनका पसलहरु, पाँचौं तलामा सेमिनार हल, छैटौंदेखि नवौं तलासम्म बैंक, वित्तीय संस्थालगायत व्यापारिक केन्द्र, दशौंदेखि चौधौं तलासम्म कृषि तथा औद्योगिक सामानको प्रदर्शनी हल, पन्ध्रौं र सोह्रौं तलामा रेस्टुरेन्ट र लज रहने र सत्रौं तथा अठारौं तलामा दृश्यावलोकन उपकरणसहितको कक्ष रहने बताइएको छ।






MITERI Development Bank Limited
मितेरी डेभलपमेन्ट बैंक लिमिटेड
Banking and beyond

(नेपाल राष्ट्र बैंकबाट "ख" बर्गको इजाजत प्राप्त संस्था)
प्रधान कार्यालय, धरान-१२, महेन्द्रपथ, सुनसरी
फोन नं. ०२५-५३८३१७/५३६३१७
Email:- info@miteribank.com.np

## धितोमा रहेको अचल सम्पत्ति सिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ३५ दिने सूचना

(प्रथम पटक प्रकाशित मिति २०८१/०२/०२)

यस बैंकका तपशिलमा उल्लेखित ऋणीले यस बैंकबाट तपशिल बमोजिम कर्जा शीर्षक अन्तर्गत उपभोग गर्दै आएकोमा सो ऋण/कर्जा बापत बैंकलाई बुझाउनु पर्ने व्याज रकम समयमा नबुझाइ बैंकसँग गरेको ऋण/कर्जा सम्बन्धी शर्तहरु उल्लंघन गरेको तथा ऋणीलाई पटक-पटक मौखिक तथा लिखित तारताकेता गर्दा समेत ऋणी तथा जमानीकर्ताले सोको पूर्ण वेवास्ता गरेकोले ऋणी,जमानतकर्ता लगायत ऋण/कर्जासँग सम्बन्धित सबैलाई ऋण/कर्जा चुक्ता भुक्तान गर्न मिति २०८०/०८/२४ गतेको पूर्वाञ्चल राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत आजसम्म उक्त कर्जाको साँवा र सोमा लागेको व्याज चुक्ता भुक्तान गर्नेतर्फ तपशिलमा उल्लेखित ऋणीले कुनै ध्यान नदिएकोले निज ऋणीहरुले लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिल बमोजिमको अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सिलबन्दी बोलपत्रमार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरु सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। धितो जमानत दिनु हुने महानुभावहरुलाई पनि धितो सुरक्षणमा रहेको अचल सम्पत्ति लिलाम बिक्री गरिने बारे यसै सूचनाद्वारा जानकारी गराएका छौं। धितोमा रहेको तपशिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति तथा संघ सस्थाले बैंकको प्रधान कार्यालय धरान र शाखा कार्यालय शनिश्चरेस्थित कर्जा बिभागबाट प्राप्त हुने बोलपत्र फार्म रितपूर्वक भरी गोप्य सिलबन्दी बोलपत्र यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३५ दिन (२०८१/०३/०४) भित्र सोही कार्यालयमा बुझाउन सक्नुहुनेछ। बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ। बोलपत्र दर्ता गर्ने अन्तिम दिनको भोलिपल्ट बोलपत्र खोलिने छ। बोलपत्र दर्ता गर्न अन्तिम दिन/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने वा बोलपत्र खोलिने छ।

**तपसिल**

**शाखा कार्यालय, सुरुङ्गा झापा (०२३-४६५६४४, ९८०२३०२७६२)**

### १. व्यवसायिक कर्जा

**ऋणी, प्रोपाईटर तथा जमानतकर्ताको तीनपुस्ते विवरण :**

ऋणी, बुद्धशान्ति गाउँपालिकाको कार्यालयमा दर्ता नं. ३३ मिति २०७५/०१/१० मा दर्ता भई झापा जिल्ला बुद्धशान्ति गा. पा. वार्ड नं. -२ मा रजिष्टर्ड कार्यालय रहेको, आन्तरिक राजश्व बिभाग, आन्तरिक राजश्व कार्यालय भद्रपुरमा स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र न. ६०७७७८४५२, प्राप्त श्री पाथिभरा किराना पसल एण्ड गाउँले होटल (प्रो. गंगा प्रसाद गिरी), ठेगाना बुद्धशान्ति गा.पा. -०२, झापा।

| | | |
|---|---|---|
| **प्रोपाइटर/जमानतकर्ता**<br>**नाम :- गंगा प्रसाद गिरी**<br>बावुको नाम :- चरण प्रसाद गिरी<br>बाजेको नाम :- छबिलाल गिरी<br>ठेगाना :- बुद्धशान्ति गा.पा. २, झापा<br>ना.प्र.नं. :- ३२३५२१८६<br>जारी मिति :- २०५४।१२।१६, झापा | **जमानतकर्ता**<br>**नाम :- तारा देवी गिरी**<br>बावुको नाम :- हेमलाल गिरी<br>पतिको नाम :- गंगा प्रसाद गिरी<br>ठेगाना :- बुद्धशान्ति गा.पा. २, झापा<br>ना.प्र.नं. :- १९२७५४७<br>जारी मिति :- २०५४।०१।१३, झापा | **जमानतकर्ता**<br>**नाम :- बिजय प्रसाद गिरी**<br>बावुको नाम :- गंगा प्रसाद गिरी<br>बाजेको नाम :- चरण प्रसाद गिरी<br>ठेगाना :- बुद्धशान्ति गा.पा. २, झापा<br>ना.प्र.नं. :- ०४१००८/१६६७<br>जारी मिति :- २०६८।०१।०४, झापा |
| **जमानतकर्ता**<br>नाम :- सृजना खुलाल गिरी<br>बावुको नाम:- नर बहादुर खुलाल<br>पतिको नाम:- बिक्रम गिरी<br>ठेगाना :-बुद्धशान्ति गा.पा.२, झापा<br>ना.प्र.नं.:- ०४-०१-७०-१३९९३<br>जारी मिति :(२०७०।०२।२२, झापा | **जमानतकर्ता**<br>नाम :- अनुसा नेपाल गिरी<br>बावुको नाम :- गणेश नेपाल<br>पतिको नाम :- बिजय प्रसाद गिरी<br>ठेगाना :- बुद्धशान्ति गा.पा. २, झापा<br>ना.प्र.नं. :- ०४-०१-७२-०८६५५<br>जारी मिति :- २०७२।०९।२२, झापा | |

लिलाम बिक्री हुने सम्पतिको बिबरण :

१. मालपोत कार्यालय भद्रपुर झापामा दर्ता कायम रहेको गंगा प्रसाद गिरीको स्वामित्व रहेको कि.न. ३३०९ क्षेत्रफल ०-०-१२-० साविक बुधबारे गा.बि.स.- ४, झापा स्थित जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलागपात समेत।

नोटः बोल पत्र पेश गर्दा उल्लेखित लिलाम बिक्री हुने सम्पूर्ण जग्गाहरु वा कुनै छुट्टै जग्गाको लागि मात्र पनि कित्ता.न., क्षेत्रफल र रकम खुलाई छुट्टाछुट्टै बोलपत्र पेश गर्न सकिनेछ।

सिलबन्दी बोलपत्र बुझाउने अन्तिम मिति : २०८१/०३/०४ गते दिउंसो ४ बजे सम्म।
सिलबन्दी बोलपत्र बुझाउने स्थान : मितेरी डेभलपमेन्ट बैंक लिमिटेड, प्रधान कार्यालय, महेन्द्रपथ धरान १२, सुनसरी र शाखा कार्यालय, शनिश्चरे झापा।
सिलबन्दी बोलपत्र खोल्ने स्थान : मितेरी डेभलपमेन्ट बैंक लिमिटेड, शाखा कार्यालय, शनिश्चरे, झापा।
सिलबन्दी बोलपत्र खुल्ने मिति : २०८१/०३/०५
सिलबन्दी बोलपत्र खुल्ने समय : विहान १०:०० बजे।

पुनश्च : ऋणी तथा जनानतकर्तालाई उल्लेखित ३५ दिन भित्र बैंकमा सम्पर्क राखी बैंकको सम्पूर्ण तिर्नुपर्ने रकम तिरी बुझाई आफ्नो सम्पतिको संरक्षण गर्न समेत यसै सुचनाबाट जानकारी गराईन्छ।

MITERI Development Bank Limited
मितेरी डेभलपमेन्ट बैंक लिमिटेड
Banking and beyond

(नेपाल राष्ट्र बैंकबाट "ख" बर्गको इजाजत प्राप्त संस्था)
प्रधान कार्यालय, धरान-१२, महेन्द्रपथ, सुनसरी
फोन नं. ०२५-५३८३१७/५३६३१७
Email:- info@miteribank.com.np

## धितोमा रहेको अचल सम्पत्ति सिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ३५ दिने सूचना

(प्रथमपटक प्रकाशित मिति २०८१/०२/०२)

यस बैंकका तपशिलमा उल्लेखित ऋणीले यस बैंकबाट तपशिल बमोजिम कर्जा शीर्षक अन्तर्गत उपभोग गर्दै आएकोमा सो ऋण/कर्जा बापत बैंकलाई बुझाउनु पर्ने व्याज रकम समयमा नबुझाइ बैंकसँग गरेको ऋण/कर्जा सम्बन्धी शर्तहरु उल्लंघन गरेको तथा ऋणीलाई पटक-पटक मौखिक तथा लिखित तारताकेता गर्दा समेत ऋणी तथा जमानीकर्ताले सोको पूर्ण वेवास्ता गरेकोले ऋणी, जमानतकर्ता लगायत ऋण/कर्जासँग सम्बन्धित सबैलाई ऋण/कर्जा चुक्ताभुक्तान गर्न मिति २०८०/१२/२६ गतेको पूर्वाञ्चल राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत आजसम्म उक्त कर्जाको साँवा र सोमा लागेको व्याज चुक्ता भुक्तान गर्नेतर्फ तपशिलमा उल्लेखित ऋणीले कुनै ध्यान नदिएकोले निज ऋणीहरुले लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिल बमोजिमको अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सिलबन्दी बोलपत्रमार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरु सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। धितो जमानत दिनु हुने महानुभावहरुलाई पनि धितो सुरक्षणमा रहेको अचल सम्पत्ति लिलाम बिक्री गरिने बारे यसै सूचनाद्वारा जानकारी गराएका छौं। धितोमा रहेको तपशिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति तथा संघ सस्थाले बैंकको प्रधान कार्यालय धरान र शाखा कार्यालय सुरुङ्गास्थित कर्जा बिभागबाट प्राप्त हुने बोलपत्र फार्म रितपूर्वक भरी गोप्य सिलबन्दी बोलपत्र यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३५ दिन (२०८१/०३/०४) भित्र सोही कार्यालयमा बुझाउन सक्नुहुनेछ। बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ। बोलपत्र दर्ता गर्ने अन्तिम दिनको भोलिपल्ट बोलपत्र खोलिने छ। बोलपत्र दर्ता गर्न अन्तिम दिन/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने वा बोलपत्र खोलिने छ।

**तपसिल**

**शाखा कार्यालय, सुरुङ्गा झापा (०२३-५५०३११, ९८०२३०२७४७)**

### १. व्यवसायिक कर्जा

**ऋणी, प्रोपाईटर तथा जमानतकर्ताको तीनपुस्ते विवरण :**

ऋणी, कनकाई नगरपालिकाको कार्यालय, कनकाई, जमुनाबारी झापामा मिति २०७५/०६/०७ दर्ता नं.४०२८ मा दर्ता भई नेपाल सरकार अर्थ मन्त्रालय आन्तरिक राजश्व बिभाग, आन्तरिक राजश्व कार्यालय भद्रपुर झापामा मिति २०५८/०९/१९ मा स्थायी लेखा नं. (पान) दर्ता प्रमाणपत्र नं. ३००६७८१३४ को प्रमाणपत्र प्राप्त फेसन चेलीबेटी साडी स्टोर (प्रो. प्रकाश श्रेष्ठ) ठेगाना कनकाई न.पा.- ३ सुरुङ्गा झापा।

| | | |
|---|---|---|
| **प्रोपाइटर/जमानतकर्ता**<br>**नाम :- प्रकाश श्रेष्ठ**<br>ना.प्र.नं. :- ९१५२५४८<br>जारी मिति :- २०४९/१२/२५, झापा।<br>बावुको नाम :- हेम नारायण श्रेष्ठ<br>बाजेको नाम :- याम प्रसाद श्रेष्ठ<br>ठेगाना :- कनकाई न.पा. -३, झापा। | **जमानतकर्ता**<br>नाम :- संगीता श्रेष्ठ<br>ना.प्र.नं. :- १९४०। छुट<br>जारी मिति :- २०५२/०२/११, सुनसरी।<br>वाबुको नाम :- इन्द्र बहादुर श्रेष्ठ<br>पतिको नाम :- प्रकाश श्रेष्ठ<br>ठेगाना :- कनकाई न.पा. -३, झापा | **जमानतकर्ता**<br>नाम :- प्रशन श्रेष्ठ<br>ना.प्र.नं. :- ०४-०१-७२-०६०३८<br>जारी मिति :- २०७२/०७/०१, झापा।<br>बावुको नाम :- प्रकाश श्रेष्ठ<br>बाजेको नाम :- हेम नारायण श्रेष्ठ<br>ठेगाना :- कनकाई न.पा. -३, झापा। |

लिलाम बिक्री हुने सम्पतिको बिबरण :

१. मालपोत कार्यालय भद्रपुर झापामा दर्ता कायम रहेको श्री प्रकाश श्रेष्ठको स्वामित्व रहेको कि.न.८९०४,८९०८,८९०७,८९०५ र ८९०६ क्षेत्रफल क्रमशः ०-०-११-०, ०-०-१०-०, ०-०-११-०, ०-०-११-०,र ०-०-११-०, साविक सुरुङ्गा- ५, झापा स्थित जग्गा र उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।

नोटः बोल पत्र पेश गर्दा उल्लेखित लिलाम बिक्री हुने सम्पूर्ण जग्गाहरु वा कुनै छुट्टै जग्गाको लागि मात्र पनि कित्ता.न., क्षेत्रफल र रकम खुलाई छुट्टाछुट्टै बोलपत्र पेश गर्न सकिनेछ।
सिलबन्दी बोलपत्र बुझाउने अन्तिम मिति : २०८१/०३/०४ गते दिउँसो ४ बजेसम्म।
सिलबन्दी बोलपत्र बुझाउने स्थान : मितेरी डेभलपमेन्ट बैंक लिमिटेड, प्रधान कार्यालय, महेन्द्रपथ धरान -१२, सुनसरी र शाखा कार्यालय, सुरुङ्गा झापा।
सिलबन्दी बोलपत्र खोल्ने स्थान : मितेरी डेभलपमेन्ट बैंक लिमिटेड, शाखा कार्यालय, सुरुङ्गा, झापा।
सिलबन्दी बोलपत्र खुल्ने मिति : २०८१/०३/०५
सिलबन्दी बोलपत्र खुल्ने समय : विहान ११:०० बजे।

पुनश्च : ऋणी तथा जनानतकर्तालाई उल्लेखित ३५ दिन भित्र बैंकमा सम्पर्क राखी बैंकको सम्पूर्ण तिर्नुपर्ने रकम तिरी बुझाई आफ्नो सम्पतिको संरक्षण गर्न समेत यसै सूचनाबाट जानकारी गराईन्छ।

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

## सम्पादकीय

# पारिवारिक एकता बलियो होस्

**वैदिक सनातनी धर्म र संस्कृतिले विश्वका सम्पूर्ण मानिसलाई एउटै परिवार मान्नुपर्छ भन्ने सन्देश दिएको छ । 'वशुधैव कुटुम्बकं' यो मन्त्र नै हो जसले मानिसमा उदारता हुनुपर्छ भनेको छ । हुन पनि सृजनाका आधारमा विश्वको जुनसुकै कुनामा रहेको मानिसको शरीर उस्तै छ, श्वास उसैगरी प्रवाहित हुन्छ, हाड, छाला, रगत र मांशपीण्ड समान छ । उही, उस्तै र एउटै जाति भएर पनि विचार, भावना, सोच्ने तरिका, आस्था र विश्वासले मानिस–मानिसमा विभाजन छ । यसले कहिलेकाहीँ विचारको मात्र नभएर व्यवहारमै द्वन्द्व निम्त्याएको इतिहासले देखाएको छ । हुँदा–हुँदा हिजोआज मानिस रौं–चिरामा विभक्त हुन थालेको छ । धर्म, जात, सम्प्रदाय, वर्ण, लिङ्ग जस्ता मानव निर्मित विभाजन रेखाले मानिस–मानिसका बीच शत्रुता बढ्दै गएको छ ।**

**विगतमा भएका आन्तरिक वा बाह्य द्वन्द्व, युद्ध जसले मानव जातिकै संहार गरेको छ, जसको रापमा परेर लाखौंले ज्यान गुमाएका छन्, लाखौं असहाय, अपाङ्ग र बेघरबार भएका छन् । हुँदाहुँदा घरभित्रै परिवारमै वैचारिक वर्गीकरणले पारिवारिक एकता, प्रेम, सद्भाव, हार्दिकता र आत्मियता पनि मर्दै जान थालेको छ । त्यही अवस्थामा संयुक्त राष्ट्र संघले सन् १९९४ मा अन्तर्राष्ट्रिय परिवार दिवस मनाउने घोषणा गर्‍यो । त्यही घोषणालाई उसका सदस्य राष्ट्रहरुले अंग्रेजी महिना मे १५ का दिनलाई परिवार वर्षको रुपमा मनाउन थाले । परिवारको महत्त्व उजागर गर्दै विश्व बन्धुत्वको भावना जागृत गराउने उद्देश्यले मनाउन थालिएको यो दिवसले एउटा परिवारमा मात्र होइन विश्वका मानव जातिलाई एउटै सूत्रमा बाँध्न प्रेरित गर्‍यो भने यो दिनको सार्थकता र महत्त्व अझै बढ्नेछ । विश्वका धेरै क्षेत्रमा परिवारको संरचना र स्थायित्वमा परिवर्तन आइरहेको छ । त्यसैले परम्परागत संस्कार, संस्कृतिसँगै बालबालिकाको संरक्षकत्व, अभिावकत्व र लालनपालनमा समेत प्रभाव पर्दै गएको छ । त्यसकारण पनि पारिवारिक एकता, सद्भाव र अपनत्वको विकास गर्दै विश्वलाई नै एउटै परिवारका रुपमा विकास गर्नु आजको आवश्यकता हो ।**

**आज पूर्वीय परिवार नै खण्डित हुँदै जान थालेको छ । संयुक्त परिवारको नेपाली संस्कृति क्रमशः एकल बन्दै गएको छ । हाम्रो परम्परागत पारिवारिक मूल्य र मान्यता विखण्डित हुँदै जाँदा भावीपुस्ता झनै संकीर्ण र संकुचित हुँदै जाने जोखिम बढेको छ । संयुक्त परिवारमा हजुरबुवा, हजुरआमाबाट पाइने नैतिक तथा आध्यात्मिक शिक्षा र निर्देशनले दिने सदाचार, बन्धुत्वको शिक्षालय नै बन्द भएको अवस्थामा मनाइने यो दिवसले परिवारका सबै सदस्यमा मन, विचार, कर्म र हार्दिकताले एकता कायम गर्न सकोस् । विविधतालाई बलियो बनाउने लक्ष्यका साथ मनाइने यस वर्षको विश्व पारिवारिक दिवसले मानिस–मानिसबीच सद्भाव, एकता र समानताको बीज रोपोस् । आधुनिकताले खण्डित पारेको पारिवारिक मूल्य र मान्यता पुनस्थापित हुन सकोस् विश्व परिवार दिवसको शुभकामना ।**





प्रेमलकुमार खनाल

# बजेटले समेट्नुपर्ने विषय

मुलुकमा तीव्रताका साथ आर्थिक-सामाजिक विकास गरेर उत्पादन तथा बृहत् रोजगारीका अवसरको सिर्जना गरी स्वाधीन एवम् आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्दै मुलुकलाई समाजवादको दिशामा अगाडि बढाउनुपर्ने अभिभारा सरकार समक्ष रहेको छ। संविधान अनुसार अब सरकारले संसद समक्ष नीति तथा कार्यक्रम पेस गरेर जेठ १५ गते आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गर्नुपर्ने संवैधानिक व्यवस्था छ। सरकारले आगामी नीति तथा कार्यक्रम र बजेटमार्फत सम्बोधन गर्नुपर्ने विषय के-के छन् त ?

उत्पादनमा वृद्धि, व्यापक रोजगारीका अवसरको सिर्जना, सुशासन र राष्ट्रियताको संरक्षण तथा सम्वर्द्धनलाई प्राथमिकतामा राखेर सरकारले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्नु पर्छ। जथाभावी विकासका योजना रातो किताबमा समावेश गरेर पुँजीगत खर्च नहुने विगतको परिपाटीलाई पनि अन्त्य गर्नुपर्छ। स्थानीय जनताको आवश्यकता र सहभागितामा आयोजना छनोट गर्ने र उच्च प्रतिफल तथा रोजगारीमूलक विकास आयोजना सञ्चालन गर्न जोड दिनुपर्छ। जनताको निगरानी, अनुगमनमा आयोजनाको सामाजिक परीक्षण गर्ने व्यवस्थालाई कडाइका साथ लागू गर्नुपर्छ।

अर्थतन्त्रको कमजोर अवस्थामा तत्काल प्रतिफल नहुने, उत्पादन नहुने र रोजगारी वृद्धि नहुने पुराना आयोजनामा केही वर्षलाई स्थगित गरी तत्काल प्रतिफल दिने आयोजना मात्रै छनोट गर्नु पर्दछ। स्थानीय विकास पूर्वाधारका लागि सांसद विकास कोषको रकम सोझै प्रदेश र स्थानीय तहबाट योजना तर्जुमा र रकम विनियोजन गरी खर्च गर्ने व्यवस्था गरी सांसदलाई विधायन र योजनाको अनुगमनको काममा केन्द्रित गर्नु पर्दछ। न्यून आय भएका जनता र श्रमिकका लागि रासन कार्डको व्यवस्था गर्नु पर्दछ। स्थानीय तहमा दैनिक उपभोग्य वस्तुको अभाव र महँगी हुन नदिन सात सय ५३ वटै पालिकामा सुपथ मूल्यका सहकारीमूलक पसल स्थापना गरेर सुपथ मूल्य पसलका माध्यमबाट रासन कार्डका आधारमा बिक्रीवितरण र आपूर्ति गरी भोकमरी र अभाव हुन नदिने व्यवस्था गर्नुपर्छ।

जनउपयोगी सार्वजनिक संस्थानको सङ्घीयताको मर्म अनुरूप सङ्घ, प्रदेश तथा स्थानीय तहका सरकार तथा बैङ्कको स्वामित्व रहने गरी पुनर्संरचना गरेर कृषि सामग्री, बिउबिजन, कृषि औजार, दुग्धजन्य, खाद्यान्न, औषधीजन्य, साझा यातायात लगायतका संस्थानको पुनर्संरचना गरेर यिनको संरचना र सेवा स्थानीय तहसम्म विस्तार गरेर सेवा प्रवाहलाई सर्वसुलभ बनाउनु पर्दछ। सार्वजनिक संस्थानको सञ्चालन, नियमन र अनुगमनका लागि स्वतन्त्र एवम् स्वायत्त निकाय स्थापना गरेर राजनीतिक हस्तक्षेपलाई अन्त्य गर्नु पर्दछ। सरकारी लगानीमा कृषिजन्य रासायनिक मल कारखाना, चिनी उद्योग, पशुपंक्षी आहारा, कपडा कारखाना, औषधीजन्य उद्योग, जडीबुटी उद्योग, रबर उद्योग, कपास खेती आदि क्षेत्रमा नयाँ सार्वजनिक संस्थान स्थापना गर्नुपर्छ।

बाढी, पहिरो, आगलागीका बखत क्षति व्यहोर्नु परेका किसान र साना व्यवसायी, मझौला एवं ठुला व्यवसायीका लागि क्षतिपूर्ति र राहत दिन ठोस नीति बनाएर कार्यान्वयन गर्नुपर्छ। रोजगारीको अवसर नपाएका, रोजगारीका लागि विदेश जान बाध्य भएका वेरोजगार एवम् गरीब परिवारका लागि एकीकृत तवरमा एक 'बृहत् रोजगारमूलक कोष' खडा गरी घुम्ती सिपमूलक तालिम प्रदान गरेर सुपथ दरमा स्वरोजगार बन्न स्थानीय तहहरूको सिफारिसमा स्थानीय बैङ्कहरूबाट नै पुँजी प्रदान गर्नुपर्छ। कृषि क्षेत्रमा वैदेशिक लगानीलाई निरुत्साहित गर्नु पर्दछ र सरकारबाट उच्च प्राथमिकता दिई लगानीमा वृद्धि गर्नुपर्छ।

यस्तै कृषिमा उच्च प्राथमिकता दिएर किसानलाई लगानी गर्न बैङ्कलाई प्रोत्साहित गर्नुपर्छ। बैङ्कहरूले प्रदान गर्ने सुपथ दरको कर्जामा सरकारी अनुदानलाई सुनिश्चित गर्नु पर्दछ। कृषि बाली उत्पादनका लागि बाली लगाउनु कम्तीमा एक महिनाअघि जैविक, प्राङ्गारिक र रासायनिक मल स्थानीय वडाका सहकारी संस्थाबाट नै प्राप्त गर्ने व्यवस्था हुनु पर्छ। उखु किसानको उत्पादनको मूल्य तत्काल बिक्री स्थानबाट नै भुक्तानी गर्ने व्यवस्था मिलाउनुपर्छ। किसानले उत्पादन गरेका कृषिजन्य वस्तुको उत्पादन भित्र्याउनु कम्तीमा एक/दुई महिनाअघि समर्थन मूल्य निर्धारण गरी किसानको उत्पादित वस्तुको बजारको सुनिश्चितता गर्नुपर्छ।

भूमि बैङ्कका नाममा दलाल पुँजीवादलाई प्रोत्साहन गर्ने र किसानलाई भू-उपयोगबाट बेदखल गर्ने कार्यको अन्त्य गरी भूमिहीन किसान, सुकुम्बासी र कृषि उत्पादनमा सामुहिक खेती, फर्मका लागि जग्गा उपलब्ध गराएर कृषि उत्पादन वृद्धिमा जोड दिनुपर्छ। आवासविहीनका लागि जनता आवास योजना अन्तर्गत सुरक्षित आवासको व्यवस्था गर्नुपर्छ। कृषि र पशुपालनमा प्राविधिक सहयोग प्रदान गर्न स्थानीय तहमा जनशक्ति व्यवस्थापन गरी वडास्तरमै कृषि र भेटेनरी प्राविधिकको सेवा उपलब्ध गराउने व्यवस्था हुनु पर्छ। सङ्घस्तरबाटै हरेक वडामा दुई कृषि प्राविधिक (कृषि र पशुपन्छी)को व्यवस्था गर्नुपर्छ।

औपचारिक तथा अनौपचारिक दुबै क्षेत्रमा काम गर्ने श्रमिक र सरकारी कार्यालयमा कार्यरत झण्डै ६० हजार अस्थायी, ज्यालादारी र करारका कर्मचारीलाई सामाजिक सुरक्षाको ग्यारेन्टी गर्न सरकारले बजेटमा रकम विनियोजन गर्नुपर्छ। सरकारी विद्यालयमा कार्यरत कर्मचारी र इसिडीका शिक्षक, गाउँपालिकामा कार्यरत कृषि प्राविधिक लगायत श्रमिक पेसाकर्मीले सरकारले निर्धारण गरेको न्यूनतम तलबमान भुक्तानी पाउने गरी बजेटमा व्यवस्था गर्नुपर्छ। यस्तै श्रमिकलाई जीवन धान्न पुग्ने तलब, ज्यालाको व्यवस्था गर्नुपर्ने र सरकारी तथा निजी क्षेत्रमा समान खालको तलब ज्याला प्रणाली लागू गर्नुपर्छ।

हरेक दुई वर्षमा तलब ज्याला वृद्धिको सुनिश्चितता हुनु पर्छ। श्रम क्षेत्रमा उत्पन्न समस्यामा तत्काल द्विपक्षीय, त्रिपक्षीय सहमति गराएर तत्काल समाधान गर्न, सामुहिक सौदाबाजीलाई प्रवर्द्धन गर्न, श्रम नीति तर्जुमा गरी कार्यान्वयन गर्न आदिका लागि अधिकारसम्पन्न राष्ट्रिय श्रम आयोग गठन गर्नुपर्छ। स्वास्थ्य सेवा अत्यन्त महँगो भएकाले श्रमिक वर्ग स्वास्थ्य उपचारबाट वञ्चित रहँदै आएका छन्। यही कुरालाई ध्यान दिँदै श्रमिकका लागि श्रमिक बहुल क्षेत्रमा सात वटै प्रदेशमा श्रमिक अस्पताल स्थापना गर्नुपर्छ। सरकारले उत्पादन र रोजगारी वृद्धि हुने क्षेत्रमा व्यापक लगानी वृद्धि गर्न उत्पादन र रोजगारी वृद्धिका लागि एकीकृत राष्ट्रिय कोष खडा गरी उत्पादन र रोजगारी वृद्धिको राष्ट्रिय अभियान सञ्चालन गर्नुपर्छ।

बिचौलियाराजको अन्त्य गर्न, किसानले उत्पादन गरेको फसलको बजार र मूल्यको सुनिश्चित गर्न ७५३ वटै पालिकामा सङ्घ सरकारको नीति, कार्यक्रम र स्थानीय सरकारको व्यवस्थापनमा सहकारीमूलक कृषि उपज खरिदबिक्री केन्द्र स्थापना गर्नुपर्छ। हरेक वडास्तरमा स्वास्थ्य उपचार सेवाका लागि डाक्टर, नर्स, स्वास्थ्य प्राविधिक, मातृशिशु सेवा, ल्याब र औषधि वितरणको व्यवस्थालाई प्रभावकारी बनाउनु जरुरी छ। जिल्ला तहमा नै उच्च शिक्षा हासिल गर्न सरकारी तथा सामुदायिक क्याम्पसको स्तरोन्नति र विस्तार गर्ने अभियान अगाडि बढाउनु पर्छ।

राष्ट्रिय हितको सुनिश्चितता हुने गरी सर्तरहितको वैदेशिक सहयोग निश्चित अवधिसम्म लिने र राष्ट्रिय हित विपरीत तथा सुरक्षामा आँच पुग्ने विदेशी सहयोग र अनुदानलाई निरुत्साहित गर्नुपर्छ। स्वदेशी उद्योगलाई प्रोत्साहन गर्न आयातित कच्चा पदार्थमा न्यून दरको भन्सार शुल्क लाग्ने व्यवस्था गर्नुपर्छ। विद्युतीय सवारीसाधनलाई प्रोत्साहन गरी पेट्रोल, डिजेलबाट चल्ने सवारीसाधनलाई निरुत्साहित गरी व्यापार घाटा न्यून गर्ने नीति अवलम्बन गर्नु पर्दछ। सरकारी कार्यालयमा सुविधासम्पन्न माइक्रोबस प्रयोगमा ल्याएर उच्च तहका कर्मचारीसहित सबै कर्मचारीका लागि परिवहनको व्यवस्था गर्नुपर्छ।

देशका प्रमुख सहरहरू तथा सडक सञ्जाल भएका जिल्लामा साझा बस सञ्चालन गरेर सार्वजनिक यातायातलाई सस्तो, सुरक्षित र भरपर्दो बनाउनु पर्छ। विगतमा भएका असमान र राष्ट्रिय हित विपरीतका सन्धि, सम्झौताको खारेजी र पुनरवलोकन गरेर राष्ट्रिय हित अनुरूप नयाँ सन्धि सम्झौता गर्न वार्ता/छलफल अगाडि बढाउनु पर्दछ। सीमा सुरक्षाका लागि सीमा क्षेत्रमा आवतजावत गर्न छिमेकी मुलुकसँग संवाद, छलफल गरी नयाँ व्यवस्था लागू गर्नुपर्छ। नेपालको भू-भागसहितको नक्सा पाठ्यक्रममा समावेश गरेर अध्ययन-अध्यापनको व्यवस्था मिलाउनु पर्दछ। राष्ट्रियतालाई बलियो बनाउने, जनसंख्या अतिक्रमणलाई नियन्त्रण गर्ने गरी नागरिकता वितरण नीति अवलम्बन गरेर वास्तविक नेपालीले नागरिकता पाउने व्यवस्था गर्नुपर्छ। नागरिकता वितरण र अभिलेखीकरणलाई व्यवस्थित गर्नु पर्दछ। मुलुकको आर्थिक विकासलाई अगाडि बढाउँदा देशको प्राकृतिक स्रोत, साधन, जलसम्पदा, वनजङ्गल, खानी, खनिज आदि क्षेत्रको परिचालन गर्दा नीति नियममा सुधार गरेर राष्ट्रिय हित, समुदायको स्वामित्व र सहभागितालाई विशेष ध्यान दिनुपर्छ। नेपाल ट्रस्टमा रहेको जग्गा व्यक्ति वा कम्पनीलाई होइन, सहकारीमा आधारित फर्म/समूहलाई लिजमा दिएर उत्पादन र रोजगारी वृद्धिमा परिचालित गर्नुपर्छ। ज्येष्ठ नागरिकका लागि हरेक स्थानीय तहका वडास्तरसम्म क्रमशः ज्येष्ठ आरोग्य केन्द्र स्थापना गरी सञ्चालन गर्नुपर्छ।

सरकारले मितव्ययिता कायम गर्न र आर्थिक अनुशासन कायम गर्न सार्वजनिक खर्च पुनरावलोकन आयोगको प्रतिवेदनलाई लागू गर्नु पर्दछ र विगतमा बहुदलीय व्यवस्था पुनर्स्थापनायता अनियमितता र भ्रष्टाचार गर्नेलाई कडा कारबाही गर्ने, राज्यकोषबाट पारिश्रमिक पाएर अनियमित ढङ्गबाट अकुत धनसम्पत्ति कमाउने राष्ट्रसेवक कर्मचारी र राजनीतिज्ञको सम्पत्ति छानबिन गर्न उच्चस्तरीय छानबिन आयोग गठन गर्नु पर्दछ। प्रेस स्वतन्त्रता, वाक् स्वतन्त्रता, गोपनीयता हकको स्वतन्त्रताको सुनिश्चित गरी श्रमजीवी पत्रकारको हकहित, सेवा-सुरक्षा र न्यूनतम पारिश्रमिक र सुविधाको सुनिश्चितता गरिनुपर्छ।

निर्वाचन प्रणालीमा सुधार गरी खर्चिलो, भड्किलो र मतदाता किनबेचलाई नियन्त्रण गर्ने गरी कानूनमा सुधार गर्नु पर्दछ। राष्ट्रसेवक कर्मचारी, श्रमिक, मजदुरलाई कार्यस्थलबाट नै मतदान गर्ने व्यवस्था मिलाइनु पर्दछ। सरकारले उल्लिखित नीति तथा कार्यक्रम लागू गरेर नै संविधानको सुदृढीकरण गर्ने र मुलुकमा सुशासनका मूल्य-मान्यताका आधारमा राज्य सञ्चालन गर्ने आधार तयार हुनेछ र माथि उल्लिखित सुधारका कार्यक्रम लागू गरेर मुलुकमा समाजवादको आधार निर्माण गर्ने दिशामा मुलुक अगाडि बढ्ने विश्वास लिन सकिन्छ। *गोप*

# सफलताका रहस्य




चन्द्रकान्त ढकाल

संसारमा हरेक मानिसहरु काममा व्यस्त छन् । सफलता प्राप्त गर्नु सबैको एक उद्देश्य हो । तर, सबै मानिसहरुले अपेक्षित लाभ लिन सकेका हुँदैनन् । काम कुनै पनि सानो ठूलो हुँदैन । स्वभाव रुची र गर्दै गरेको आफ्नो कामको प्रकृति अनुसार हामी अरुको कामको मूल्याङ्कन गर्छौं र राम्रो या नराम्रो ठान्दछौं । फरक-फरक बाटोबाट आफ्नो लक्ष्य प्राप्त गर्नका लागि मानिसहरु क्रियाशील छन् । तर, किन मानिसहरु अपेक्षित लाभ लिन सक्दैनन् र असफल बन्दछन् आउनुहोस् यसबारे छोटो विमर्श गरौं ।

काम नगरी बस्नुमा सफलता प्राप्त नभए पनि ठूलो असफलता भोग्नु पर्दैन । एउटा विन्दुबाट हजारौं लम्बाईका रेखा कोर्ने या चित्र बनाउन सकिन्छ । तर, एउटा तयारी रेखा वा चित्रलाई फेरि बिन्दु बनाउन सकिँदैन। बिन्दुको मूल्यांकन हुँदैन, तर त्यही बिन्दुबाट बनेका रेखा र चित्रहरुको नाप र मूल्यांकन अवश्य हुन्छ। हाम्रो जीवनको यर्थाथता करिब-करिब यस्तै हुन्छ ।

**त्यसो भए सफल मानिसहरु के गर्छन् त**

हरेक मानिसका काम गर्ने तरिका फरक हुन्छन् । तर, सबै सफल मानिसहरुका क्रियाहरु एउटै हुन्छन्। कि उनीहरु थालेका कामलाई निरन्तर अगाडि बढाइरहन्छन्। उनीहरु व्यक्तिका आलोचना र स्याबासीमा त्यति दुःखी वा खुशी हुँदैनन् । तर, ती कुराहरुबाट धेरै कुरा सिक्छन् । उनीहरुले आलोचनाबाट आफूलाई त्रुटी गर्न छुट नै छैन भन्ने बुझ्दछन्। र, यदि भई हाले पनि यसलाई सुधार्नैपर्छ भन्ने अन्तिम निर्णयमा पुग्छन्। सुधार्न असम्भव छ भने अरु कुनै राम्रा कामले यसलाई अवश्य ओझेलमा पर्छन् ।

प्रक्रिया फरक होस् तर सबै सफल मान्छे क्रियाहरु निरन्तर गरिरहन्छन्। हरेक सफल मानिसहरुले आफूले गर्ने वा गर्दै गरेको कामलाई यसरी बुझ्दछन् कि मैले कामलाई सिध्याउनुपर्छ, नत्र यही कामले मलाई सिध्याउनेछ। किनकि अधुरो काम गर्नेलाई नै हामी असफल भन्छौं भन्दा अत्युक्ति नहोला ।

खोला जतिसुकै लामो या छोटो होस उसको लक्ष्य समुद्रमा पुग्ने नै हो। खोला समुद्रमा पुग्दैन, बीच बगरमै सुक्छ भने त्यो पानी खोला बन्न मुहानबाट ननिस्किएकै राम्रो हो। समुद्रमा पुग्ने खोलाको पानी सहजै समुद्रमा अवश्य पुग्दैन। उसले बाटोमा हजारौं चट्टानको सामना गर्नुपर्छ। सयौं घुमाउने दहमा महिनौं अल्झनु र घुम्नु पर्छ। तथापि उसको यात्रा निरन्तर अगाडि बढिरहन्छ। अर्जुनदृष्टि समुद्र राखेर एक थोपा पानीले समुद्रको उपमा प्राप्त गर्छ। आखिर सफल हरेक थोपाहरुको संगालो नै त समुद्र हो। के समुद्र हामीले टेकेको पृथ्वीको जमिनको सिंगो भागभन्दा तीन गुणाले ठूलो छैन र ?

जुनसुकै विधामा होस्, जो मानिसले विश्व रेकर्ड कायम गरेर गिनिजबुकमा नाम लेखाए प्रत्येक तिनीहरुले गरेका कामलाई हामी हेरौं त के हाम्रो आङ जिरिङ्ग हुँदैन र। के हामीलाई आश्चर्य लाग्दैन र ? लाग्छ अवश्य लाग्छ । के तिनीहरु हामी जस्तै साधारण मानिसबाट असाधारण बनेका होइनन् र ? हो, अवश्य हो हामीले राम्ररी बुझेका छौं ।

सफल मानिसहरु अरुको तारिफ गर्नमा त्यतिधेरै समय खर्च गर्दैनन्, तर उनीहरु ती मानिसका सफलता पछाडिका राज र रहस्यहरु पत्ता लगाएर उनीहरुको गुणको अवलम्वन भने अवश्य गर्छन्। सफल मानिसहरु हरेक चुनौतीलाई गम्भीरतापूर्वक अध्ययन गर्छन् र सामान्य तरिकाले हल गर्छन्। हरेक चुनौतीलाई अवसरको रुपमा लिने उनहरुको सबैभन्दा राम्रो गुण हो ।

लामो समय लगाएर त्यसको रिजल्ट प्राप्त गर्न होइन, सफल मानिसहरु छोटो समयमा लामो समयमा मात्र सकिने कामको मज्जा र आनन्द प्राप्त गर्छन्। मतलब यो हो कि कुनै चलचित्रको कथावस्तु जान्नका लागि दशर्कहरु चलचित्र छायांकन भएको ठाउँमा जाँदैनन् उनीहरु वर्षौं लगाएर र सयौं कोष टाढा-टाढा गएर बनाएको चलचित्र एक ठाउँमा बसेर दुई-तीन घण्टामा हेर्छन्, मज्जा लिन्छन् र मूल्यांक गर्छन् ।

सफल मानिसहरु आफूले गर्न चाहेको स्थानबाट मानिसहरुलाई उनीहरुको चाहना अनुसारको वा उनीहरुको माग अनुसारको सेवालाई छनोट गर्छन् र यसलाई उपलब्ध गराउँछन् ।

सफल मानिसहरुलाई यो पनि थाहा हुनुपर्छ कि उपयोगिताको ह्रास नियम जस्तै उपलब्ध सेवाहरुको पनि एक निश्चित समय हुन्छ र यसलाई पनि माग र रुची बद्लिए सँगै मैले बदल्न सक्नुपर्छ । यो ज्ञान र बदल्ने गुण उनीहरुमा हुन्छ ।

सफल मानिसहरु आफूभित्र अपराजयको बोझ बोकेर बस्दैनन् । यदि हारियो भने यो झन् ठूलो अवसर हो भन्ने उनीहरु बुझ्दछन् । उनीहरुलाई थाहा छ कि गुलेली जति धेरै तन्काएर पछाडि तान्न सकियो भट्याङ्ग त्यति टाढा पूग्न सक्छ त्यसैले पछाडि धकेलिनु नै अगाडि पुग्ने अवसर हो ।

सफल मानिसहरु आफूलाई निर्धारित सिमाभित्र राख्दैनन् । उनीहरु जान्दछन् कि भोलि समयले मलाई अर्को फड्को मार्ने अवसर जुटाउँछ। र म फरक कामका लागि पनि योग्य हुन सक्छु। यस्ता अवसर प्राप्त भएका सयौं मानिसलाई तपाईले पनि देख्नु भएको छ ।

तपाई जंगलमा हराउनुभएको छ, तर पनि तपाई हिँडीरहनुहुन्छ। त्यो तपाइँको मुर्खता होइन, तपाई त्यहाँ गोरेटो खोज्दै हुनुहुन्छ र त्यही गोरेटोको सहाराले ठूलो बाटो हुँदै गन्तव्य प्राप्त गर्न खोजिरहनु भएको छ। त्यस्तैगरी सफल मानिसहरु सधैँ क्रियाशिल, सक्रिय र आशावादी हुन्छन् ।

सफल मानिसहरु सधैँ होसियार हुन्छन्। तपाईलाई थाहा हुनुपर्छ कि आँखा नदेख्ने मानिसहरु ठूलो र भीडभाडयुक्त सहरमा पनि अक्सर दुर्घटनामा पर्दैनन्। दुर्घटनामा ती मानिसहरु पर्छन जो टाढा-टाढासम्म देख्छन्। त्यसैले एक लापरवाहीले हजारौं अवसर र तागतलाई पनि क्षणभरमा नष्ट गरी दिन्छ । यो कुरा बुझ्न जरुरी छ ।

सफल मानिसहरु हरेक चुनौतीलाई धन्यवाद दिन्छ न कि यो काम गर्न सबै डराएर मलाई अवसर प्राप्त भयो। चुनौती यस्तो कुरा हो कि जहाँ प्राप्त हुन्छ त्यहीबाट अवसर साथै आउँछ । मानौं एउटा बच्चा नेपालमा जन्मियो र २० वर्षसम्म नेपाली मात्र पढ्यो र बोल्यो भने उसलाई अंग्रेजी बोल्न र पढ्न आउँदैन । तर, त्यही बच्चा अमेरिकामा जन्मेको थियो र उसले शुरुदेखि नै अंग्रेजी मात्र बोल्ने थियो र अंग्रेजी मात्र लेख्यो भने उसलाई नेपाली बोल्न र लेख्न आउँदैन थियो ।

भन्नुहोस् अब केलाई चुनौती भन्ने केलाई अवसर भन्ने ? मेरो विचारमा यहाँ चुनौती केही छैन संसारमा केबल अवसर मात्र छ । त्यसैले हामीले परिस्थितिलाई बुझेर स्थितिलाई बदल्नु नै बुद्धिमानी हो । यदि हामी वास्तविक रुपमा जागरुक छौं भने हामी सफल छौं र हुन्छौं। अन्यथा हामी कल्पनाको खेती गर्ने सामान्य आम मान्छे मात्र बन्न सक्छौं। त्यसैले उठौं, जागौं र लक्ष्य निर्धारण गरेर जीनवको लाभ प्राप्त गरौं ।



पूर्व-पश्चिम राजमार्ग अन्तर्गत झापाको लक्ष्मीपुरमा यात्रुहरु गाडी रोकेर उखुको रस, नरिवल पानी खादैं। रुख काटेपछि छाता र पाल टागेर व्यापार गरिँदै।
*तस्वीर : विकास उप्रेती/पूर्वाञ्चल*

# बिर्तामोडमा विषयगत शिक्षकसँग अन्तरक्रिया

**बिर्तामोड, जेठ १।** सिकाइ उपलब्धि सुधारका लागि विषयगत शिक्षकहरुको प्रथम नगरस्तरीय भेला तथा अन्तरक्रिया बिर्तामोडमा सम्पन्न भएको छ।

बिर्तामोड नगरपालिकाको आयोजनामा देवी माध्यमिक विद्यालयमा आयोजित भेलामा विभिन्न विषयगत नगर समिति गठनसँगै सिकाई उपलब्धि सुधारका लागि गरिएको प्रतिबद्धता पत्रमा हस्ताक्षर गरी समापन गरिएको हो। २१ बुँदे प्रतिबद्धता पत्रमा नगर प्रमुख पवित्रा महतारा प्रसाई, उपप्रमुख नगेन्द्रप्रसाद संग्रौला, शिक्षा शाखा प्रमुख उपसचिव तिलचन भण्डारी लगायत भेलामा सहभागी सामुदायिक तथा संस्थागत विद्यालयका शिक्षकहरुले हस्ताक्षर गरेका छन्।

भेलाले नेपाली, अंग्रेजी, विज्ञान, गणित र सामाजिक विषयको नगरस्तरीय सात सदस्यीय सञ्जाल गठन गरेको हो। जसको संयोजकमा नेपाली विषयतर्फ साङ्ववेद संस्कृत माध्यमिक विद्यालयका शिक्षक झलकप्रसाद काफ्ले, अंग्रेजी विषयतर्फ दुर्गा माध्यमिक विद्यालयका शिक्षक लक्ष्मण शिवाकोटी, विज्ञान विषयतर्फ महेन्द्र रत्न माध्यमिक विद्यालयका शिक्षक लक्ष्मीप्रसाद प्रसाई, गणित विषयतर्फ देवी माध्यमिक विद्यालयका शिक्षक कृष्णप्रसाद पौडेल र सामाजिक विषयतर्फ सात सदस्यीय समिति रहेको छ।

भेलामा बोल्दै नगर प्रमुख पवित्रा महतारा प्रसाईले शिक्षण सिकाइ उपलब्धिमूलक बन्नुपर्नेमा जोड दिए। कक्षा १२ भन्दा माथिका विद्यार्थी पढाईको शिलशिलामा विदेश गइरहेको भन्दै शिक्षाको गुणस्तर सुधार गर्दै लैजानुपर्ने उनको भनाइ थियो। नगर प्रमुख प्रसाईले विद्यार्थीको मनोविज्ञानलाई बुझेर क्षिक्षकहरुले पठनपाठन गराउनुपर्ने धारणा राखे।

त्यस्तै नगर उपप्रमुख नगेन्द्रप्रसाद संग्रौलाले भेलामा लिखितरुपमा भएका प्रतिबद्धता कार्यान्वयन गर्न शिक्षकहरुलाई आग्रह गरे। उनले स्थानीय सरकाले लिएको शिक्षा नीतिलाई अवलम्वन गरेर अघि बढ्नुपर्ने धारणा राखे।

शिक्षा शाखा प्रमुख उपसचिव तिलचन भण्डारीले भेलामा आगामी दिनमा विद्यालयको भौतिक, शैच्छिक विषयमा सुधार गर्नुपर्ने विषयमा छलफल भएकोले उपलब्धिमूलक बनेको बताए। उनले शिक्षण सिकाई शिक्षकभन्दा विद्यार्थी केन्द्रित हुनुपर्ने धारणा व्यक्त गरे। शिक्षक महासंघ बिर्तामोडका सचिव उमा भण्डारीले भेला अत्यन्त फलदायी र गुणस्तर सुधारका लागि उपलब्धिमूलक रहेको बताए।

त्यस्तै प्याब्सन बिर्तामोडका अध्यक्ष उत्तम खनालले आगामी दिनमा हरेक महिनाको अन्तिम आइतबार विद्यालय छुट्टी गर्न माग गरे। भेलामा वडा नम्बर ५ का वडाअध्यक्ष रोहित प्रसाई, कार्यपालिका सदस्य सीता ढुंगाना लगायतको सहभागिता रहेको थियो।

# ५० घरपरिवारको स्वास्थ्य बिमा



**हल्दिबारी, जेठ १।** हल्दिबारी गाउँपालिका वडा नं. ४ ले विपन्न परिवारको स्वास्थ्य बिमा गरेको छ।

एक कार्यक्रमकाबीच ५० घरपरिवारलाई निःशुल्क स्वास्थ्य बिमा कार्ड वितरण गरिएको हो। गत आर्थिक वर्षमा बिमा गरिएको ५० घरपरिवारको स्वास्थ्य बिमा नविकरण गरिदिएको छ।

वडा कार्यालयको वार्षिक कार्यक्रम अन्तर्गत स्वास्थ्य बिमा कार्यक्रम समिटिएको छ। नयाँ बिमा गर्न र नविकरण बापत तीन लाख ५० हजार खर्च भएको वडाध्यक्ष सन्तकुमार थापाले जानकारी दिए। अति विपन्न नागरिकहरुको स्वास्थ्य सेवामा पहुँच पुगोस् भनेर गत वर्षदेखि नै यो कार्यक्रम गरिँदै आएको उनले बताए।

हल्दिबारी आधारभूत अस्पतालमा स्वास्थ्य उपचारको लागि २४सै घण्टा स्वास्थ्य सेवा सञ्चालन भइरहेको जनाइएको छ। वडाध्यक्ष थापाको अध्यक्षता भएको कार्यक्रममा वडा सदस्यहरू भागिरथा दाहाल, सुरेन्द्र बाराकोटी, शान्ता गहतराज, जलथल स्वास्थ्य चौकी इञ्चार्ज माधवप्रसाद यादव लगायतको उपस्थिति रहेको थियो।

स्वास्थ्य बिमा कार्ड लागू हुने समय, यसबाट पाउने सुबिधा लगायतका विषयमा वडाका बिमा दर्ता सहयोगी प्रकाश खतिवडाले प्रष्ट पारेको कार्यक्रमको सञ्चालन वडासचिव जयप्रसाद पोखरेलले गरेका थिए।

# नयाँ केन्ट सुप्रीम कपर आरओ बजारमा

**झापा, जेठ १।** ई.ओ.एल.प्रालि, चौधरी ग्रुपको इलेक्ट्रोनिक्स विभाग अन्तर्गतको सब्सिडी कम्पनी, सबैभन्दा धेरै बिक्री हुने आरओ वाटर प्युरिफायर ब्रान्डको एकमात्र आधिकारिक वितरकले तामायुक्त केन्ट सुप्रीम कपर मोडल नेपालमा ल्याएको छ।

यसको प्राथमिक कार्य भनेको पानीमा रहेको अशुद्धतालाई कीटाणुशोधन गरी मानव उपभोगको लागि शुद्ध र स्वस्थ बनाउने बताइएको छ। शुद्ध पानीको बारेमा कुरा गर्दा, आजभोलि कपर आरओ पानी धेरै स्वास्थ्य लाभहरूको कारण मानिसहरूले व्यापकरूपमा रुचाउने गरिएको छ। यसको योग्यतालाई ध्यानमा राख्दै, केन्टले तपाईंको परिवारलाई शुद्ध र स्वस्थ पिउने पानी उपलब्ध गराउन सक्रिय तामासहितको आरओ वाटर प्युरिफायर ल्याएको छ।

सक्रिय तामाको साथ केन्ट आरओ वाटर प्युरिफायर अशुद्ध पानी उपभोग गर्दा हानिकारक स्वास्थ्य प्रभावहरू र घातक पानीजन्य रोगहरू पनि निम्त्याउन सक्छ। त्यसैले केन्टले सक्रिय तामाको साथ आरओ केन्ट सुप्रीम कपर वाटर प्युरिफायर प्रस्तुत गरेको छ। केन्ट सुप्रीम कपर (आर.ओ.+यु.भी.+यु.एफ.+कपर+टि.डि.एस. कन्ट्रोल) प्रविधि भएको वाटर प्युरिफायर हो।




भित्तामा झुन्ड्याउन मिल्ने आकर्षक डिजाइनको साथसाथै यो प्युरिफायरमा आरओ प्रविधि छ। जसले स्वस्थ र शुद्ध पानी उपलब्ध गराउन आवश्यक प्राकृतिक खनिजहरू यथावत राख्दछ। साथै, यसको भण्डारण ट्याङ्कीमा पानीलाई ब्याक्टेरिया-मुक्त राख्न र शुद्ध गर्नको लागि युभी एल.ई.डी.लाइट पनि हुन्छ। यो स्मार्ट आरओ वाटर प्युरिफायरमा तामा पनि हुन्छ।

तामासहितको पानी पिउनुका पाँच स्वास्थ्य फाइदाहरु :

-प्रतिरक्षा र समग्र कल्याण बढाउँछ। मानव शरीरको बलियो प्रतिरक्षा प्रणालीको लागि पर्याप्त तामाको आवश्यक छ। केन्ट कपर+ आरओले पानीलाई ९९.८ % शुद्ध तामाले समृद्ध बनाउँछ। प्रतिरक्षा बलियो बनाउँछ रोगहरूबाट बचाउँछ, र तपाईंको परिवारलाई ढुक्क बनाउँछ।

- मेटाबोलिजम बढाउन मद्दत गर्दछ : कपर-इन्फ्युज गरिएको पानीले मेटाबोलिजम र क्यालोरी बर्न गर्न मद्दत गर्दछ। तामाले ऊर्जाको लागि बोसो कोशिकाहरू तोड्न महत्वपूर्ण भूमिका खेल्छ, यसलाई स्वस्थ चयापचयको लागि महत्वपूर्ण बनाउँछ। केन्ट कपर+ आरओको साथ, दैनिक दुई लिटर तामा चार्ज गरिएको पानी खपत गर्नाले तामाको लागि सिफारिस गरिएको दैनिक आवश्यकता पूरा गर्छ।

- पाचन सुधार गर्दछ : तामाको पानीले खानाका कणहरूलाई टुक्र्याउन, पाचन शक्ति बढाउन र पाचन प्रणालीको उचित कार्यलाई समर्थन गर्न मद्दत गर्दछ। यसले कलेजो र मृगौलाद्वारा आवश्यक पोषकतत्वहरूको अवशोषणलाई पनि बढावा दिन्छ। केन्ट कपर+ आरओले तपाईंलाई दिनभरि तामा-समृद्ध पानी उपभोग गर्न अनुमति दिन्छ।

- मस्तिष्क कार्यलाई बढाउन मद्दत गर्दछ : अप्टिमल मस्तिष्क कार्यको लागि तामा महत्वपूर्ण हुन्छ साथै केही सिक्न, मेमोरी र सिग्नल प्रसारणमा सहयोग गर्दछ। यसले मस्तिष्कको प्रतिरक्षा प्रणालीलाई समर्थन गर्दछ र मस्तिष्क कोशिकाहरूलाई ऊर्जा प्रदान गर्दछ। अत्यावश्यक खनिजहरूको साथसाथै तामाको सही मात्राको सेवनले मस्तिष्कको उत्पादकता र रचनात्मकता बढाउँछ।

- वजन घटाउन समर्थन गर्दछ : तामाले भरिएको पानी पिउनाले बोसो घटाउन र पाचन क्षमतामा सुधार गरेर प्राकृतिक तौल घटाउन मद्दत गर्दछ। यसले विषाक्त पदार्थहरू हटाउन मद्दत गर्दछ र समग्रमा स्वस्थ भावनालाई जगाउँछ।


## सेफ्टी ट्यांकी चाहिएमा

अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **राम्रो सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस्। *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ।*





सम्पर्क :

| देवराज गिरी | विशाल हरिजन |
| --- | --- |
| ९७०६१९६४०६ | ९८१४९१७७११ |
| ९८४२०७०५८६ | ९८४२७३३६१२ |

## हिमालयन बैंक लिमिटेडको
HBL Himalayan Bank Ltd.

## फर्निचर तथा अन्य सम्पत्तिहरू बिक्री गर्ने सम्बन्धी १५ दिने सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१।०२।०१**

यस बैंकको शनिश्चरे रोडस्थित बिर्तामोड शाखा कार्यालय अन्य स्थानमा स्थानान्तरण गरिएकोले सो शाखा कार्यालयका फर्निचरहरु तथा अन्य सम्पत्तिहरु (Leasehold Premises) समेत शिलबन्दी बोलपत्रको माध्यमबाट जे-जस्तो अवस्थामा छन् सोही अवस्थामा बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। बैंक तथा वित्तीय संस्था, बिमा कम्पनी, सहकारी संस्था तथा अन्य कार्यालय प्रयोजनको लागि समेत उपयुक्त रहेको कार्यालय फर्निचर खरिद गर्न इच्छुक व्यक्ति/संघ/संस्थालाई यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र खरिद गर्न चाहेको मूल्यसहित बैंकको बिर्तामोड शाखा कार्यालयमा गोप्य शिलबन्दी बोलपत्र प्रस्ताव पेश गर्नुहुन आहवान गरिएको छ।

**शर्तहरु :**

- बोलपत्र फारममा फर्निचर तथा अन्य सम्पत्तिहरु के-कति मूल्यमा खरिद गर्न चाहेको हो सोको व्यहोरा स्पष्ट बुझिने गरी उल्लेख गर्नुपर्नेछ।
- बोलपत्र पेश गर्दा बैंकले बिक्री गर्न चाहेको सम्पूर्ण फर्निचर तथा अन्य सम्पत्तिहरुको लागि बोलकबोल रकम पेश गर्नुपर्नेछ। अन्यथा पेश गरिएको बोलपत्र बैंकले अस्वीकृत गर्न सक्नेछ।
- बोलपत्रदाता व्यक्ति भएमा बोलपत्रका साथ नागरिकता प्रमाणपत्रको प्रतिलिपि र कम्पनी, फर्म वा संस्था भएमा अद्यावधिक सहितको दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा प्रमाणपत्रको प्रतिलिपि, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि र आधिकारिक व्यक्तिको नागरिकता प्रमाणपत्रको प्रतिलिपि समेत संलग्न गरी बोलपत्र पेश गर्नुपर्नेछ।
- बोलपत्रदाताले बोलपत्रमा उल्लेखित रकमको पाँच (५) प्रतिशत रकम धरौटी स्वरुप हिमालयन बैंक लिमिटेडको नजिकको शाखा कार्यालयमा जम्मा गरी सोको नगदी भौचर बोलपत्रको शिलबन्दीमा संलग्न गरी पेश गनुपर्नेछ।
- बोलपत्र स्वीकृत भएका संस्था वा व्यक्तिले खरिद गरिने सम्पत्ति प्राप्तिको लागि बोलपत्रमा उल्लेखित रकम प्रस्ताव स्वीकृत भएको सूचना पाएको मितिले ७ दिनभित्र यस बैंकको बैंक खातामा जम्मा गरी सक्नुपर्नेछ, अन्यथा धरौटी बापत जम्मा गरेको रकम जफत हुनेछ।
- प्राप्त बोलपत्र/प्रस्तावहरू कारण देखाइ वा नदेखाइ पूर्ण वा आंशिक रुपमा स्वीकृत वा अस्वीकृत गर्ने वा प्राप्त प्रस्ताव उपर पुनः नेगोसिएसन एवम् वार्ता गर्ने सर्वाधिकार यस बैंकमा सुरक्षित रहनेछ।
- बोलपत्र फारम तथा फर्निचर र अन्य सम्पत्तिहरुको विवरण यस बैंकको बिर्तामोड शाखा कार्यालयबाट प्राप्त गर्न सकिनेछ।
- बोलपत्र स्वीकृत भएको अवस्थामा लिलाम बिक्रीबाट खरिद गरिएको सम्पत्ति खरिदकर्ताले लिएर जान चाहेको अवस्थामा आफ्नै खर्चमा बोलपत्र स्वीकृत भएको ३० दिनभित्र स्थानान्तरण गरिसक्नुपर्नेछ।
- उल्लेखित सर-सामानहरुको निरीक्षण शनिश्चरे रोडस्थित (हिमालयन बैंक लिमिटेडको तत्कालिन बिर्तामोड शाखा)मा कार्यालय समयभित्र गर्न सकिनेछ।
- बोलपत्रदाताको अनुपस्थितिमा बोलपत्र खोल्न बाधा पर्ने छैन।

**हिमालयन बैंक लिमिटेड बिर्तामोड शाखा**
**बिर्तामोड, झापा (फोन नं. ०२३-५३५६०४)**

## बराल ट्याक्सी सर्भिस

**दमक-बिर्तामोड-जितपुर-मंगलबारे**
**दैनिक सेवा**
**रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्**

| छुट्ने समय | | सम्पर्क (चालक) | |
| --- | --- | --- | --- |
| | | सन्तोष | जीवन कार्की |
| दमकबाट | बिहान ६ बजे | ९८०६०१८१७४ | ९८१६९४०१७३ |
| बिर्तामोडबाट | बिहान ७ बजे | ९८४०३८७६७५ | मे १ ज १६७० |
| मंगलबारेबाट | दिउसो १२ बजे | | |

**ताजा र विश्वसनीय समाचारका लागि www.purwanchaldaily.com लगइन गरौं।**

## ताप्लेजुङ -पाथीभरा सफल यात्रा

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।



**ताप्लेजुङ पाथीभरा काउन्टर**
**मो. ९८०३२५०४७२**
**९८०१३६४०९३**

उच्च गुणस्तर सुलभ मूल्य

## सयपत्री बालुवा प्रशोधन उद्योग

यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ।

**सम्पर्क :**
**९८०४९५४४००**
**९८६६२४२४६६**
**अर्जुनधारा नगरपालिका- ४, झापा**

**मातृभाग्यरेखा वचत तथा ऋण सहकारी संस्था लि.**
**बिर्तामोड-१ झापाको**

## हर्जाना छुट सम्बन्धी सूचना

यस संस्थाबाट कर्जाको कारोबार गर्नुहुने सबै सदस्यज्यूहरुले २०८१ साल बैशाख मसान्तसम्मको संस्थालाई बुझाउन बाँकी रहेको व्याज बुझाएमा हर्जाना वापत लाग्ने सबै रकम छुट गरिने भएकोले यथाशीघ्र संस्थामा सम्पर्क गरी यो सुविधा उपभोग गर्नुहुन सूचना प्रकाशित गरिएको छ।

**ऋण उपसमिति**
**मातृभाग्यरेखा साकोस, बिर्तामोड-१ झापा, ०२३-५९००४०, ०२३-२३८६२६**

**भूमिसुधार कार्यालय भद्रपुर, झापाको**

## मोही हकदावी सम्बन्धी सूचना

निम्न लिखित विवरण भएको जग्गाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोग गर्न छाडेको/बेपत्ता भएकोले मोहीको लगतकट्टा गरिपाउँ भनी यस कार्यालयमा निवेदन पर्न आएकोले विशेष अदालत ऐन २०५९को दफा १०(९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ। यस उपर कुनै दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाणसहित यस कार्यालयमा निवेदन दिनुहोला। तोकिएको समय अवधिभित्र विरोध नभएमा भू.सू. ऐन २०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

| जग्गाधनीको विवरण | जग्गा ठेगाना | कि.नं. | क्षेत्रफल | मोहीको नाम, थर |
| --- | --- | --- | --- | --- |
| शारदा खवास | मेनपा-११ | ८० | १८६३.०० | सुफल सतार/सरोज श्रेष्ठ |
| शंकर राई समेत | बाहुनडागी-५ | ७० | ०-२-१५ | लालबहादुर |
| लहरी चौधरी | दुवागडी-९ | २१९४ | ०-१-० | नेवहरी/नकछेदी चौधरी |
| कलावति चङबाङ समेत | धुलाबारी-३ | ९९<br>१०२ | ०-१४-०<br>०-६-० | जितबहादुर राई/जगत वा प्रधान |

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।

**जाँच तथा उपचार हुने समस्याहरु**

- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)




ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
बिग्रन लागेको काम बनिनाले हौसला बढ्नेछ, छोटो दुरीको यात्रा हुनेछ, मन हर्षित रहला।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
स्वास्थ्य प्रतिकुल बनेर जानेछ, अनावश्यक झमेलामा फसिने योग रहेको छ, यो अवधिभर कसैसँग वादविवाद नगर्नुहोला।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
स्वास्थ्य सम्बन्धी समस्याले सताउन सक्छ, पशुचौपायाबाट यथेश्ठ लाभ नमिल्नाले मन चिन्तित रहला।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
बोलिमा विचार पुऱ्याउनुहोला, राम्रै बोल्दा पनि नराम्रो सुनीन सक्छ, गुप्ताङ्गमा समस्या देखिन सक्छ, सतर्क रहनुहोला।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
यथेष्ट धन लाभको योग छ, बोली तथा वाणीको प्रभावमा वृद्धि हुनेछ, मिष्ठान्न भोजनको योग छ, मन प्रफुल्ल रहला।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
बुद्धिको उपयोगले विद्या तथा धन आर्जन गर्ने समय रहेको छ, आफ्नो विचारले धेरैलाई प्रभावित बनाउन सकिने छ, शुभ खबर सुन्न पाइने छ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -**
स्वास्थ्यले साथ दिने छैन, शरीरमा आलश्यता पैदा हुनेछ, अनावश्यक चिन्तनले शरीर गलेर जानेछ, मन खिन्न रहला।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
घरबाट कहिँ रमाइलो यात्राको तय हुनेछ, साथीभाइहरूले साथ दिनेछन् मनोरञ्जनमा ध्यान जानेछ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
बोलिमा विचार पुऱ्याउनुहोला, राम्रै बोल्दा पनि नराम्रो सुनीन सक्छ, गुप्ताङ्गमा समस्या देखिन सक्छ, सतर्क रहनुहोला।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
समय बलवान रहेको छ, यो अवधिमा नयाँ कामको थालनी गर्नुभएमा तपाईको लागि लाभदायक हुनेछ, प्रेम सम्बन्ध सुमधुर रहला।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
धार्मिक तिर्थयात्रा हुनेछ, यो समयमा साथीभाइको पूर्ण सहयोग पाइनेछ, पराक्रममा वृद्धि हुनेछ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
व्यापार-व्यवसायमा लाभ प्राप्त होला, सानै सफलताले पनि ठूलो खुशी प्राप्त हुनेछ, कलाकारितामा मन जानेछ।